फोन नं. ४२००३१६
www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.c

# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

प.सं.:-२०७८/७९
च.नं.:- ०६

मितिः २०७८/०४/०८

विषयः एकिकृत कार्ययोजना कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

विगत केही समयदेखिका मनसुनजन्य विपद्का घटनाबाट क्षति भएका भौतिक संरचना तथा विकासका पूर्वाधारहरुको वर्तमान अवस्था र तीनको पुनर्निर्माणको सम्बन्धमा गृह मन्त्रालय, विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखाको च.नं. १ मिति २०७८/०४/०१ को पत्रसाथ प्राप्त **"मनसुनजन्य विपद्को घटनामा खोज, उद्धार, राहतका साथै क्षति भएका भौतिक संरचना र विकास पूर्वाधारहरुको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी अल्पकालीन एकिकृत कार्ययोजना, २०७८"** को तहाँसँग सम्बन्धित विषयको कार्यान्वयनका लागि पठाईको व्यहोरा आदेशानुसार अनुरोध छ।

(रीनु थपलिया)
शाखा अधिकत

बोधार्थः
श्री सूचना तथा प्रविधी शाखा, (वेभसाईटमा अपलोड गरिदिनुहुन) ।
श्री गृह मन्त्रालय, विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा ।

नेपाल सरकार

# गृह मन्त्रालय

(विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पूनर्लभ शाखा)

फोन९७७-०१-४२११२१९
९७७-०१-४२११२००
९७७-०१-४२११२८२

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ०७८।७९

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:- ९

दर्ता नं.:- ३८ ४।४

मितिः-

मितिः २०७८।०४।०१

विषयः एकीकृत कार्ययोजना पठाइएको सम्बन्धमा ।

श्री उर्जा,जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठमाडौं।

श्री शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

उपरोक्त सम्बन्धमा माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७८/०३/१७ गते बसेको मनसुनजन्य विपद्को वर्तमान अवस्था र सरोकारवाला निकायहरुको भूमिका विषयक छलफल कार्यक्रमले हालै भएको मनसुनजन्य विपद्को घटनाबाट क्षति भएको भौतिक संरचना र विकास पूर्वाधारहरुको वर्तमान अवस्था, ती संरचनाको पुनर्निर्माण गर्ने सम्बन्धमा एकीकृत कार्ययोजना तयार गर्ने भनी निर्णय भएको व्यहोरा अवगत नै छ। सो सम्बन्धमा तँहा मन्त्रालय/निकाय अन्तर्गत रहेको विपद्को घटनाबाट क्षति भएको भौतिक संरचना र विकास पूर्वाधारहरुको वर्तमान अवस्था, ती संरचनाको पुनर्निमाण सम्बन्धमा एकीकृत कार्ययोजना उपलब्ध गराउने सम्बन्धमा तँहा मन्त्रालयमा कार्ययोजना उपलब्ध गराउन भनी यस मन्त्रालयको च.नं २९८ मिति २०७८/०३/१८ गतेको पत्र मार्फत पत्राचार भएकोमा तहाँ मन्त्रालयबाट प्राप्त कार्ययोजना समावेश गरी तयार भएको **मनसुनजन्य विपद्को घटनामा खोज, उद्धार, राहत साथै क्षति भएका भौतिक संरचना र विकास पूर्वाधारहरूको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी अल्पकालीन एकीकृत कार्ययोजना, २०७८** कार्यान्वयनका लागी पठाइएको व्यहोरा गृह मन्त्रलाय (मन्त्रिस्तरको) मिति २०७८/०३/२९ को निर्णयानुसार अनुरोध छ ।

०४।०१

(सरस्वती सापकोटा)

शाखा अधिकृत

श्री वातावरण तथा विपद् व्यवस्थापन शाखा

संलग्न कार्ययोजना ~~कार्यार्थ~~ आवश्यक कार्यार्थ स्थानीय तहहरुलाई पठाउने।

४।४

दर्ता
६
४।५.

नेपाल सरकार

# गृह मन्त्रालय

(विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा)

फोन९७७-०१-४२११२१९
९७७-०१-४२११२००
९७७-०१-४२११२८२

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७८।७९
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १

दर्ता नं.:- ३८
मिति:- ४।४

मितिः २०७८।०४।०१

विषयः एकीकृत कार्ययोजना पठाइएको सम्बन्धमा ।

श्री उर्जा,जलश्रोत तथा सिंचाई मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री खानेपानी मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथ, काठमाडौं।
श्री शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

गोपाल कुँवर ज्यू
४।४

उपरोक्त सम्बन्धमा माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७८/०३/१७ गते बसेको मनसुनजन्य विपद्को वर्तमान अवस्था र सरोकारवाला निकायहरुको भूमिका विषयक छलफल कार्यक्रमले हालै भएको मनसुनजन्य विपद्को घटनाबाट क्षति भएको भौतिक संरचना र विकास पूर्वाधारहरुको वर्तमान अवस्था, ती संरचनाको पुननिर्माण गर्ने सम्बन्धमा एकीकृत कार्ययोजना तयार गर्ने भनी निर्णय भएको व्यहोरा अवगत नै छ। सो सम्बन्धमा तँहा मन्त्रालय/निकाय अन्तर्गत रहेको विपद्को घटनाबाट क्षति भएको भौतिक संरचना र विकास पूर्वाधारहरुको वर्तमान अवस्था, ती संरचनाको पुनर्निमाण सम्बन्धमा एकीकृत कार्ययोजना उपलब्ध गराउने सम्बन्धमा तँहा मन्त्रालयमा कार्ययोजना उपलब्ध गराउन भनी यस मन्त्रालयको च.नं २९८ मिति २०७८/०३/१८ गतेको पत्र मार्फत पत्राचार भएकोमा तहाँ मन्त्रालयबाट प्राप्त कार्ययोजना समावेश गरी तयार भएको **मनसुनजन्य विपद्को घटनामा खोज, उद्धार, राहत साथै क्षति भएका भौतिक संरचना र विकास पूर्वाधारहरूको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी अल्पकालीन एकीकृत कार्ययोजना, २०७८** कार्यान्वयनका लागी पठाइएको व्यहोरा गृह मन्त्रलाय (मन्त्रिस्तरको) मिति २०७८/०३/२९ को निर्णयानुसार अनुरोध छ ।

०४।०१

(सरस्वती सापकोटा)
शाखा अधिकृत

श्री वातावरण तथा विपद् व्यवस्थापन शाखा
संलग्न कार्ययोजना ~~कार्यान्वय~~ आवश्यक
कार्यार्थ स्थानीय तहहरुलाई पठाउने।
४।६

# मनसुनजन्य विपद्को घटनामा खोज, उद्धार, राहत साथै क्षति भएका भौतिक संरचना र विकास पूर्वाधारहरुको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी अल्पकालीन

# राष्ट्रिय एकीकृत कार्ययोजना, २०७८

नेपाल सरकार

गृह मन्त्रालय

मनसुनजन्य विपद्को घटनामा खोज, उद्धार, राहत साथै क्षति भएका भौतिक संरचना र विकास पूर्वाधारहरूको पुनर्निर्माण तथा पुनर्स्थापना सम्बन्धी अल्पकालीन एकीकृत कार्ययोजना, २०७८

१. पृष्ठभूमिः

यस वर्ष विगतका वर्षहरुमा भन्दा अगावै मनसुनजन्य विपद्का घटनाहरुबाट धेरै धनजनको क्षति व्यहोर्नु परेको छ। यस वर्षको मनसुनको सुरुवात सँगै (मिति २०७८/०२/३१ देखि मिति २०७८/०३/२४ गते सम्म) देशका विभिन्न जिल्लाहरूमा मनसुनजन्य विपद्का २७० घटनाहरू घटेका छन्। उल्लेखित घटनाहरूबाट सिन्धुपाल्चोक, ...लगायतका ४६ जिल्लामा ४७ जनाको मृत्य, ३६ जना बेपत्ता र ६० जना घाइते भएका छन् ।

त्यसैगरी हालसम्ममा ५४३ वटा निजी घर पूर्ण रूपमा क्षति भएका छन् भने १४८ वटा घरहरूमा आंशिक क्षति भएको छ । विभिन्न ३७ वटा सरकारी कार्यालयका भवनहरू क्षतिग्रस्त भएका छन् । त्यसैगरी १० वटा विद्यालय तथा सामुदायिक भवनमा क्षति पुगेको छ ।

सिन्धुपाल्चोक जिल्लामा ७ वटा, मनाङ्गमा २ वटा, चितवनमा २ वटा, तनहुँमा १ वटा, मोरङ्गमा १ वटा, सिरहामा १ वटा, मकवानपुरमा १ वटा र उदयपुरमा १ वटा गरी जम्मा १६ वटा मोटरेबल पक्की पुलको क्षति भएको छ । त्यसैगरी मनाङ्गलगायतका जिल्लाहरुमा ७ वटा मोटरेबल काठेपुलको क्षति भएको छ । यस्तै सिन्धुपाल्चोक र मनाङ्गलगायतका विभिन्न जिल्लामा गरी २५ वटा झोलुङ्गे पुल क्षतिग्रस्त भएका छन् ।

सिन्धुपाल्चोकको मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्ससम्म जाने पहुँच मार्ग र पुलहरूको क्षति भएको हुनाले सोको तत्काल पुनर्निमाण गर्नका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट २ वटा बेलीब्रिज निर्माण गर्ने तथा मेलम्ची आयोजनाको खानेपानी, सडकलगायतका पूर्वाधार सम्बद्ध विशेषज्ञको टोलीबाट स्थलगत अनुगमन गरी तत्काल पहुँच मार्ग पुनर्निर्माण गर्ने र आयोजनाको हेडवर्क्समा भएको क्षतिको एकीन गरी मर्मत सम्भारको काम अगाडि बढाइनेछ । साथै, देशभरका साना ठूला गरी विभिन्न ४३ वटा खानेपानी आयोजनामा क्षति पुगेको छ । विषयगत मन्त्रालय तथा निकायहरुबाट पुननिर्माण तथा पुनर्स्थापनाका लागि क्षतिको आंकलन गरी तत्काल सेवा सुचारु गर्ने र दीर्घकालका लागि Assessment गर्दै प्राविधिक क्षतिको मूल्याङ्कन सहित पुनर्निर्माण र पुनर्स्थापनाको प्रयास भईरहेको छ। देशभरका १३ वटा निर्माणाधीन तथा सञ्चालनमा रहेका जल विद्युत आयोजनाहरुमा समेत आंशिक क्षति पुगेको छ।

भौतिक संरचनामा भएका क्षतिहरुको पुर्ननिर्माण गरी सेवा सुचारु गराउनुका साथै विपद्का कारण अवरुद्ध भएका खानेपानी, स्वास्थ्य, शिक्षा एंव सुरक्षित बसोबासको व्यवस्थापन शीघ्रता साथ एकीकृतरुपमा गर्नु यस कार्य योजनाको उद्देश्य रहेको छ। जीवन पद्धति अत्यावश्यक सेवाहरु सुचारु गर्ने साथै थप मानवीय क्षति हुन नदिन विषयगत निकायहरुको समन्वयात्मक प्रयासलाई एकाकार गर्ने उद्देश्यबाट यस अल्पकालीन योजना ल्याइएको छ।

यस कार्ययोजनाको कार्यान्वयनबाट तत्कालको खोज, उद्धार कार्यलाई प्रभावकारी बनाउँदै मानवीय क्षतिलाई कम गर्दै तत्काल राहतको व्यवस्थापन गरी जीवन पद्धति सुचारु गराउने साथै अत्यावश्यक सेवाहरु पुर्नसञ्चालनमा ल्याई Back to new normal अवस्थाको अनुभूति जनतालाई दिलाउने अपेक्षा गरिएको छ।

विपद् प्रतिकार्यको पूर्वतयारी, खोज तथा उद्धार समूहको परिचालन, जीउधनको बचाऊ र सुरक्षा, जोखिमयुक्त अवस्थाबाट सुरक्षित ठाँउमा स्थानान्तरण, जीवन रक्षाका लागि आवश्यक उद्धार तथा राहत सहयोग र सुरक्षित आपतकालीनको प्रबन्ध साथै सार्वजनिक सम्पत्तिको संरक्षण गरी निजी तथा सरकारी, सार्वजनिक सम्पत्तिको समेत संरक्षण र सम्बर्द्धन गर्न विपद्का घटना घट्ना साथ तत्काल प्रतिकार्यका रुपमा गरिने क्रियाकलापहरुलाई यस कार्ययोजनाको विपद् प्रतिकार्यकाकार्यक्षेत्रको रुपमा लिइएको छ। कार्ययोजनामा कार्यविवरण जिम्मेवार निकाय, सहयोगी निकाय सहित समयसीमा र कार्यान्वयन सूचक समेत समावेश गरिएको छ।

यस एकिकृत कार्ययोजनामा उल्लेखित कार्यहरु बाहेकका विपद् व्यवस्थापन तथा प्रतिकार्यसँग सम्बन्धित कार्यहरु विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५) र मनसुन पूर्वतयारी र प्रतिकार्य राष्ट्रिय कार्ययोजना-२०७८ बमोजिम सम्बन्धित निकायहरुबाट निरन्तर सम्पादन हुनेछ।

गृह मन्त्रालय

# १.खोज ,उद्धार तथा राहत सम्बन्धी मनसुनजन्य विपद्को प्रतिकार्य कार्ययोजना

| क.सं. | विवरण | समयसीमा | बजेट | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विपद्को जानकारी सम्बन्धित स्थानका बासिन्दालाई दिने। | तत्काल | | जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तह | जल तथा मौसम विज्ञान विभाग/राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र | |
| २ | विपद्को घटना घट्न सक्ने पूर्व सूचना प्राप्त भएपश्चात सम्बन्धित स्थानका बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सूचित गर्ने। | ० देखि २ घण्टा भित्र | | जिल्ला प्रशासन कार्यालय र सम्बन्धित स्थानीय तह | राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र/शहरी विकास मन्त्रलाय | |
| ३ | विपद्को घटना घट्ने बित्तिकै खोज तथा उद्धारमा टोली परिचालन गर्ने । | १५ मिनेट | | गृह मन्त्रालय/जिल्ला प्रशासन कार्यालय | नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र स्थानीय स्वयसेवक | |
| ४ | उद्धारको अवस्था तथा आवश्यकता हेरी स्थानान्तरणका लागि हवाई तथा अन्य उद्धार | २ घण्टा | | गृह मन्त्रालय | रक्षा मन्त्रालय/नेपाली सेना, हवाई सेवा प्रदायक संस्था | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | टोली परिचालन गर्ने। | | | | | |
| ५ | विपद् प्रभावितहरुको लागि आवश्यक राहत (नगद, खाद्य तथा गैरखाद्य) सामग्री उपलब्ध गराउने। | २४ घण्टा | | जिल्ला प्रशासन कार्यालय/ स्थानीय तह | गृह मन्त्रालय/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय/मानवीय सहायतामा क्रियाशील राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्था | |
| ६ | विपद्का घटनाको विवरण, खोज उद्धार तथा राहतको अवस्थाबारे सुसुचित गर्ने। | दैनिक | | राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र/जिल्ला प्रशासन कार्यालय/स्थानीय तह | सूचना तथा सञ्चार मन्त्रालय | |
| ७ | क्षतिको प्रारम्भिक आंकलन गर्न टोली परिचालन गर्ने। | ३ दिन भित्र | | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधीकरण | विषयगत मन्त्रालय, नेपाल रेडक्रम सोसाइटी | |
| ८ | विपद् प्रभावित क्षेत्रमा तत्काल आवश्यक पर्ने अस्थायी भौतिक संरचनाहरुको निर्माण गर्ने। | २४ घण्टा | | शहरी विकास मन्त्रालय | जिल्ला प्रशासन कार्यालयहरु | |
| ९ | क्षतिको प्रारम्भिक प्रतिवेदन आधारमा अल्पकालिन पुनर्स्थापना सम्बन्धी कार्ययोजना तयार गर्ने। | ७ दिन | | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधीकरण | गृहमन्त्रालय, विषयगत मन्त्रालय/निकाय | |

शहरी विकास मन्त्रालय

## २. मनसुनजन्य विपद्का घटनाबाट क्षति भएका संरचनाहरुको पुर्ननिर्माण सम्बन्धि कार्ययोजना

| क्र.सं. | विवरण | समयसीमा | बजेट रु | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क्षतिको प्रारम्भिक विवरण संकलन गर्ने । | ५ दिन | | DUDBC/ FPIU/ PUDBC | जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति | |
| २ | क्षतिको प्रारम्भिक मूल्यांकन गर्ने । | २ महिना | १० लाख | FPIU/PUDBC | DUDBC | |
| ३ | क्षति भएका संरचनाहरुको मर्मत संभार तथा पुर्ननिर्माण । | | | | | |
| | क) सरकारी भवन | | | FPIU/PUDBC | MoUD/DUDBC | |
| | • आंशिक क्षति (संख्या) | १२ महिना | १५ करोड | | | |
| | • पूर्ण क्षति (संख्या) | ३६ महिना | ५० करोड | | | |
| | ख) शहरी संरचना तर्फ | | | FPIU/PUDBC | MoUD/DUDBC | |
| | • बाटो (कि.मि.) | | ४० करोड | | | |
| | • ढल (कि.मि.) | | ३० करोड | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | जोखिमयुक्त क्षेत्रमा एकीकृत बस्ती विकास गर्ने। | | | | | |
| | क.स्थानीय निकाय र जिल्लास्तरीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी जोखिमयुक्त स्थान र बस्ती विकासका लागि उपयक्त स्थानको पहिचान गर्ने कार्य । | ६ महिना | २० लाख | स्थानीय निकाय र जिल्ला स्तरीय विपद् व्यवस्थापन समिति | MoUD/DUDBC/ FPIU/PUDBC | |
| | ख.पहिचान भएका स्थानहरुमा एकीकृत बस्ती विकासका लागि विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गर्ने । | प्रत्येक क्रियाकलापको लागि १२ महिना | ७० लाख | DUDBC | MoUD/स्थानीय र जिल्ला स्तरीय विपद् व्यवस्थापन समिति | |
| | ग.विस्तृत अध्ययन प्रतिवेदन, पुनरावलोकन, सिफारिस र स्वीकृत गर्ने । | २ महिना | ५ लाख | मन्त्रालय/ विभाग | | |
| घ) | घ.बस्ती विकास कार्यक्रम कार्यान्वयन गर्ने । | ४८ महिना | २ अर्ब | मन्त्रालय/ विभाग /स्थानीय निकाय र जिल्ला स्तरीय विपद् व्यवस्थापन समिति/FPIU/PUDBC | MoUD/DUDBC | |
| ५ | विपद् जोखिमयुक्त बस्तीहरुमा Emergency Shelter निर्माण गर्ने (१० वटा) । | २४ महिना | २० करोड | मन्त्रालय/ विभाग /स्थानीय निकाय र जिल्ला स्तरीय विपद् व्यवस्थापन समिति/FPIU/PUDBC | MoUD/DUDBC | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | भवन संहिता, शहरी विकास र बस्ती विकास मापदण्ड प्रभावकारी कार्यान्वयनको लागि ४ निकायमा अन्तरक्रिया तथा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने । | २४ महिना | २ करोड | मन्त्रालय/ विभाग /स्थानीय निकाय र जिल्ला स्तरीय विपद् व्यवस्थापन समिति/FPIU/PUDBC | MoUD/DUDBC | |
| ७ | जोखिमयुक्त बस्तीहरुको जलवायु जोखिम सम्वेदनशीलता, भू-उपयोग योजना तथा भूगर्भ अध्ययन गर्ने । | २४ महिना | १०० करोड | मन्त्रालय/ विभाग /स्थानीय निकाय र जिल्ला स्तरीय विपद् व्यवस्थापन समिति/FPIU/PUDBC | MoUD/DUDBC | |
| ८ | हरेक नगरपालिकाहरुमा GIS based Metric Addressing System/ Infrastructure हरुको रेकर्डिङ तथा Inventory Management तयार गर्ने। | २४ महिना | ५करोड | DUDBC | MoUD | |

## ३.कार्ययोजना

## ३(क) क्षति भएका सडक तथा पुलहरुको विवरण

| सि.नं. | कार्यालयको नाम | राजमार्ग/सडकको नाम | क्षति भएको पुलको नाम | क्षति हुनाको कारण | भौतिक क्षतिको विवरण | पुनःस्थापना गर्न लाग्ने अनुमानित रकम, रु हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | डुम्रे बेशिसहर चामे मनाङ्ग सडक योजना | डुम्रे बेशिशहर चामे मनाङ्ग सडक | तिमाङ खोला बेलिब्रिज | अत्याधिक वर्षाको कारण आएको बाढी | बेलिब्रिज/ काठको पुल बगाएको | १००,०००.०० | NH |
| २ | | डुम्रे बेशिशहर चामे मनाङ्ग सडक | तिमाङ छहरा / काठेखोला सहित तीनवटा काठको पुल | | | | NH |
| ३ | सडक डिभिजन, चरिकोट | अरनिको राजमार्ग | तिप्लिंग पुलको करिब १५ मि. एप्रोच सडक | अत्याधिक वर्षाको कारण आएको बाढी | लिपिंग पुलको १५ मि. एप्रोच सडक बगाएको, पुलको जगमा समेत स्कोर भएको | ५०,०००.०० | NH |
| ४ | सडक डिभिजन, दाङ | रासि राजमार्ग, रुकुम | सोलाबाङ खोला पुल | अत्याधिक वर्षाको कारण आएको बाढी | Single Span को निर्माणाधीन रहेको पुलको टेका बगाएर slab भत्केको | २०,०००.०० | NH |
| ५ | हुलाकी राजमार्ग योजना कार्यालय नेपालगन्ज | हुलाकी राजमार्ग | कर्णाली नदी, सतिघाट | अत्याधिक वर्षाको कारण आएको बाढी | पुर्वपट्टिको एप्रोच सडक तथा एप्रोच slab बगाएको | ३०,०००.०० | NH |
| ६ | | | कर्णाली नदी, कोठियाघाट | अत्याधिक वर्षाको कारण | एप्रोच slab नजिकै सडकमा भ्वांग परेको | | NH |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | सडक डिभिजन, दमौली | खैरेनीटार, भिमाद, कावासोती | कालिगण्डकी नदी, डेढगाउँ | अत्याधिक वर्षाको कारण | करिब ३० मि. एप्रोच सडक बगाएको | १०,०००.०० | NH |
| ८ | | बुद्दसिंह मार्ग, तनहुँ | छाब्दी पुल, ब्यास न. पा. ३ र ११ जोड्ने | अत्याधिक वर्षाको कारण | २ स्पान (१२ मि.) को multi cell slab culvert | ५,०००.०० | LRN |
| ९ | हुलाकी राजमार्ग योजना कार्यालय, जनकपुर | हुलाकी राजमार्ग | कमला नदी पुल, धनुषा | अत्याधिक वर्षाको कारण | २ स्पान (७० मि.) दबिएको (कुल ४७० मि. को पुल) | ७०,०००.०० | NH |
| १० | चितवन जिल्ला | चितवनको पर्साबाट चैनपुर जाने सडक (MRM को उत्तर तर्फको सडक) | लोदारी खोला पुल | अत्याधिक वर्षाको कारण आएको बाढी | पुल बगाएको , 75 m | ८०,०००.०० | 75 m, LRN |
| ११ | सिन्धुपाल्चोकको बाढीबाट मेलम्ची क्षेत्रमा क्षति भएका स्थानीय सडक पुल | मेलम्ची नवलपुर चौतारा सडक | मेलम्ची बजार पुल | अत्याधिक वर्षाको कारण | पुल बगाएको | २५०,०००.०० | LRN |
| १२ | | मेलम्ची फट्टे दुवाचौर सडक | फत्ते खोला पुल | अत्याधिक वर्षाको कारण आएको बाढी | पुल बगाएको | | LRN |
| १३ | | LRN सडक, सिन्धुपाल्चोक, मेलम्ची खानेपानी योजना अन्तर्गत निर्माण भएको | नकाटे पुल | अत्याधिक वर्षाको कारण आएको बाढी | पुल बगाएको | | LRN |
| १४ | | | तिम्बु पुल | अत्याधिक वर्षाको कारण आएको बाढी | पुल बगाएको | | LRN |
| १५ | | | आकाशे पुल | अत्याधिक वर्षाको कारण आएको बाढी | पुल बगाएको | | LRN |
| | | | कुल | | | ६१५,०००.०० | |

क्षति ग्रस्त राजमार्गमध्ये डुम्रे वेसीशहर चामे मनाङ्ग सडकअन्तर्गत लम्जुङ्ग खण्ड निर्माणकार्य सम्पन्न गर्न १ हप्ता र मनाङ्ग खण्ड निर्माणकार्य सम्पन्न गर्न ४५ दिन, अरनिको राजमार्ग खुलाउन १ हप्ता साथै अन्य अवरुद्ध राजमार्ग ४ देखि ७ दिनको समय सीमा सुचारु गर्ने। प्रदेश सरकार र स्थानीय सरकारको क्षेत्राधिकार भित्रपर्ने सडक तथा पुलहरुको सम्बन्धमा प्रदेश सरकार र स्थानीय सरकारको समन्वयमा अवागमन सुचारु गरिने।

## (ख) मनसुनजन्य विपद्का घटनाबाट क्षति भएका संरचनाहरुको पुनर्निर्माण सम्बन्धि कार्ययोजना

| सि.नं. | वर्गीकरण | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सिमा | अपेक्षित उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | विपदपूर्व तैयारीका क्रियाकलापहरु | कार्ययोजना निर्माण<br>जनशक्तिको व्यवस्थापन<br>यान्त्रिक उपकरणहरुको व्यवस्थापन<br>यान्त्रिक उपकरणहरुको खरिद/मर्मत<br>यान्त्रिक उपकरणहरुको वितरण योजना (Equipment Deployment plan) तर्जुमा<br>आकस्मिक बजेट/रकम व्यवस्थापन | सडक विभाग र मातहतका कार्यालयहरु | सडक डिभिजन / योजना कार्यालयहरु | हरेक आ.व. को जेष्ठ मसान्तभित्र | कार्ययोजना निर्माणभै तयारी अवस्थामा रहने | |
| २ | विपद्का समयमा संचालन हुने क्रियाकलाप | राजमार्ग अवरुद्धको सूचना संकलन गर्ने<br>अवरुद्द भएको राजमार्गको विवरण तथा तथ्यांक संकलन गर्ने<br>वर्षात्, बाढी, पहिरो तथा अन्य कारणहरु बाट राष्ट्रिय राजमार्गहरुका सवारी आवागमन अवरुद्द भएमा सडक प्रयोगकर्ताहरुको जानकारीको लागी Real Time मा आधारित सूचना सम्प्रेषण गर्ने | सडक विभाग र मातहतका कार्यालयहरु | सडक डिभिजन / योजना कार्यालयहरु | दैनिक<br>० देखि २ घण्टा<br>० देखि २ घण्टा | तथ्यांक संकलन तथा सूचना सम्प्रेषण हुने | २०१ वटा Heavy Equipment हरु पहिरो जानु पूर्व सम्बन्धित Heavy Equipment Division हरुमा तैनाथ गरिएको हुने । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जनशक्ति तथा यान्त्रिक उपकरण परिचालन गर्ने । | | | २ घण्टा | | |
| | | साना तथा मझौला प्रकारका पहिरो भएमा तत्काल सफा गरी/फालेर यातायात संचालन गर्ने | | | २ देखि २४ घण्टा भित्र | | |
| | | सडकनै बगाएको भएमा भित्ता काटी ट्र्याक निर्माण गरी यातायात संचालन गर्ने | | | ३ देखि ७ दिन | | |
| ३ | विपद्का समयमा यातायात तत्काल संचालन गर्न गरिने क्रियाकलापहरु | सडक भासिएको दबिएको भएमा खाल्डा खुल्डी पुर्ने, टेवा पर्खाल निर्माण गरी यातायात संचालन गर्ने । | सडक डिभिजन / योजना कार्यालयहरु / हेभी इक्विपमेन्ट डिभिजन / यान्त्रिक कार्यालयहरु | जिल्ला प्रशासन कार्यालय/ सुरक्षा निकायहरु / ट्राफिक प्रहरी / स्थानीय निकायहरु | ३ देखि ७ दिन | अवरुद्द भएको यातायात तत्काल अस्थायी/ स्थायी रुपमा संचालन हुने | |
| | | टेवा पर्खाल सहितको ट्र्याक निर्माण | | | ७ दिन | | |
| | | सामान्य ढुंगा वा चट्टान ब्रेकर प्रयोग गरी यातायात संचालन गर्ने । | | | १ देखि ३ दिन | | |
| | | कडा चट्टान blasting गरी यातायात संचालन गर्ने । | | | ७ दिन | | |
| | | क्षतिग्रस्त पुलको एप्रोच सडक / डाईभर्सन निर्माण गर्ने । | | | ७ दिन | | |
| | | बेलिब्रिज जडान तथा निर्माण गर्ने । | | | १५ दिन | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | क्षतिग्रस्त सडक संरचनाहरुको पुनःस्थापना/पुन निर्माण गर्ने । | भासिएको / दबिएको सडकको निर्माण गर्ने । | सडक डिभिजन / योजना कार्यालयहरु | सडक विभाग संघीय सडक सुपरिवेक्षणं तथा अनुगमन कार्यालयहरु | ६ महिना १ वर्ष सम्म | क्षतिग्रस्त संरचनाहरु पुन निर्माण/पुन:स्थापना भै स्थायी रुपमा यातायात संचालन हुने | |
| | | बेलिब्रिज/सडक पुल निर्माण गर्ने । | | | | | |

यस वर्षको आसर १ पश्चात मात्र मिति २०७८-३-१७, १६:०० बजेसम्म कूल ८२ स्थानमा राजमार्गहरु अवरुद्ध भएकोमा १४ स्थानमा आवरुद्द नै रहेको, ४८ स्थानमा एकतर्फी आवागमन खुलाइएको र २२ स्थानहरुमा दुइतर्फी रुपमानै सडक आवागमन चालू रहेको छ ।

अवरुद्ध भएका राजमार्गहरु सम्भव भएसम्म तत्काल खुलाईने प्रयास गरिएको भएतापनि कतिपय स्थानहरु भौगोलिक जटिलता, उपकरणहरुको पहुँचको सीमितता, थप क्षति तथा दुर्घटनाको जोखिम आदिजस्ता पक्षहरु समेतलाई मध्यनजर गरी केही लामो समयसम्म लाग्न सक्ने जसका लागि मौसम सुधारका लागि कुर्नुपर्ने विशेष प्राविधिकरुपमा दक्ष जनशक्ति तथा प्रविधि आवश्यक पर्ने अवस्थामा केही समय कुरेर मात्र विपद् व्यवस्थापन हुनसक्ने अवस्था रहने गरेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## ४.स्वास्थ्य सम्बन्धित प्रतिकार्य कार्य सम्बन्धि कार्ययोजना

| क.स | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य सम्बन्धित सन्देश मुलक सूचना प्रभाव गर्ने । | दैनिक | जिल्ला स्वास्थ्य कार्यालय/स्थानीय तहहरु | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/सामाजिक बिकास मन्त्रालय/WHO, UNICEF | |
| २ | स्वास्थ्य सम्बन्धित जनशक्ति परिचालन गर्ने । | २४ घण्टाभित्र | जिल्ला स्वास्थ्य कार्यालय/स्थानीय तहहरु | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/सामाजिक बिकास मन्त्रालय/WHO, UNICEF | |
| ३ | औषधी जन्य सामग्रीहरु उपलब्ध गराउने । | २४ घण्टाभित्र | जिल्ला स्वास्थ्य कार्यालय/स्थानीय तहहरु | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/सामाजिक बिकास मन्त्रालय/WHO, UNICEF | |
| ४ | अस्थाई स्वास्थ्य शिविर सञ्चालन गर्ने । | ३ दिनभित्र सुरु गरी निरन्तर | जिल्ला स्वास्थ्य कार्यालय/स्थानीय तहहरु | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/सामाजिक बिकास मन्त्रालय/WHO, UNICEF | |
| ५ | पोषण सम्बन्धित प्रतिकार्यका कार्यहरु गर्ने । | ३ दिनभित्र सुरु भई निरन्तर | जिल्ला स्वास्थ्य कार्यालय/स्थानीय तहहरु | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/सामाजिक बिकास मन्त्रालय/WHO, UNICEF | |

## ५.मनसुनजन्य विपद्को घटनाबाट क्षति भएका संरचनाहरुको पुर्ननिर्माण सम्बन्धि कार्ययोजना

### ५.क.अल्पकालीन

| क स | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि क्षेत्रमा मनसुनजन्य विपद्बाट भएको प्रभावको प्रारम्भिक मूल्याङ्कन तथा रिपोर्टिङ्ग गर्ने । | ३ दिन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | विश्व खाद्य कार्यक्रम र कृषि तथा खाद्य संगठन | |
| २ | Rapid Response Team गठन तथा परिचालन गर्ने । | २४ घण्टा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | | |
| ३ | स्थानीय एवम् प्रदेश सरकारलाई प्रकोप स्थलमा बाली, पशुपन्छी एवम् मत्स्यका विभिन्न रोग तथा महामारीको नियन्त्रण एवम् रोकथाम गर्न सहयोग गर्ने | निरन्तर | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | |
| ४ | स्थानीय एवम् प्रदेश सरकारलाई मृत पशुपन्छीको व्यवस्थापनमा सहयोग गर्ने | २४ घण्टा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | |

| क्र स | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| ५ | खाद्य सुरक्षा क्लष्टरमा संलग्न विकास साझेदार संघ संस्थाहरु मार्फत खाद्यान्न सामग्री वितरण | २४ घण्टा | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | |
| ६ | स्थानीय एवम् प्रदेश सरकारलाई पुनर्स्थापना तथा जीविको पार्जन कार्य योजना बनाउन सहयोग गर्ने। | ३ दिन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय एवम् विकास साझेदार संस्थाहरु | |
| ७ | विपद्का कारण क्षति पुगेका कृषकहरुलाई पुनर्स्थापना कार्यक्रम तर्जुमा गरी नेपाल सरकार समक्ष पेश गर्ने | ७ दिन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | स्थानीय तह, प्रदेश सरकार तथा विकास साझेदार संस्थाहरु | |
| ८ | पशुपन्छी एवम् मत्स्यको रोग तथा महामारी विरुद्ध भ्याक्सिनेसन गर्ने | १५ दिन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | | |

| क स | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| ९ | पशुपन्छी तथा मत्स्यको लागि दानाको व्यवस्थापन गर्ने | ३ दिन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | | |
| १० | पशुपन्छी एवम् मत्स्यको औषधि उपचार एवम् Animal Health camp सञ्चालन गर्ने | ७ दिन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | | |
| ११ | बीउको व्यवस्थापन गर्ने | १५ दिन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | | |
| १२ | सामाजिक सहायता वितरण<br>• बाढीको घटना पश्चात तत्काल खाद्य तथा गैरखाद्य सहयोग<br>• नगद सहायता | १ महिनाको लागि<br>२० दिनका लागि | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | | |
| १३ | द्रूत मनसुन प्रकोप प्रभाव मूल्यांकन गर्ने र खाद्य सहायताको आवश्यकतामा रहेको जनसंख्याको अनुमान | विपद्को ७२ घण्टा भित्र | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | | |

| क स | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १४ | कामका लागि नगद गतिविधिहरु<br>• मौसमअनुसार बाली बीउ वितरण<br>• खाद्यान्नको सुरक्षित भण्डारणमा सहयोग<br>• पशु तथा माछा स्वास्थ्य उपचार र मृत पशुपन्छीको व्यवस्थापन | २ देखि चार महिना<br>निरन्तर | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह | | |

## क. मध्यकालीन तथा दीर्घकालीन

| क स | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाली तथा पशुपन्छी बीमाको व्यापक प्रचार प्रसार गरी कृषकहरुलाई बाली तथा पशुपन्छी बीमा गराउन प्रोत्साहन गर्ने | ६ महिना देखि १ वर्ष | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह/बीमा समिति | विकास साझेदार संस्थाहरु/बीमा कम्पनी | |
| २ | मौसम सूचकाङ्क बीमा र Area-yield Index Insurance को लागि आवश्यक पूर्वाधारको विकास गर्ने | १ वर्ष | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह/बीमा समिति | विकास साझेदार संस्थाहरु/बीमा कम्पनी/निजी क्षेत्र | |
| ३ | मौसम सूचकाङ्क बीमा र Area-yield Index Insurance को सम्भाव्यता अध्ययन गरी सो | १ वर्ष | कृषि तथा पशुपन्छी विकास मन्त्रालय/ प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय/स्थानीय तह/बीमा समिति | विकास साझेदार संस्थाहरु/बीमा कम्पनी/निजी क्षेत्र | |

| क्र स | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| | लागु गर्ने | | | | |
| ४ | डुवानी सहन सक्ने बाली जातको विकास गर्ने | १ वर्ष | कृषि तथा सहकारी मन्त्रालय/ नेपाल कृषि अनुसन्धान परिषद् | विकास साझेदार संस्थाहरु | |

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

चालू आ.व.२०७७/०७८ को हालसम्म (२०७८/०३/२०) मा मनसुनजन्य विपद्का घटनाबाट क्षति भएका भौतिक संरचना एवम् विकासका पूर्वाधारहरुको सम्वन्धमा स्थानीय तहबाट प्राप्त विवरणहरु (मन्त्रालयसँग सम्बन्धित क्षेत्रको विवरण)

| सि.नं. | गा.पा./न.पा. | वडा नं. | क्षतिको विवरण | अनुमानित क्षति (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | हेलम्बु गाउँपालिका (सिन्धुपाल्चोक) | | (क) पक्कीमोटरेवलपुल | | |
| | | १ | १. तिम्बुमारहेको मेलाम्ची मोटरेवल पुल (२२.०० मि) | २,२५,००,०००/- | |
| | | १ | २. दुङ्तोम्बा मोटरेवल पुल (२०.००मि) | २,१०,००,०००/- | |
| | | १ | ३. चोक्पु मोटरेवल पुल (४३.६ मि) | ४,३८,००,०००/- | |
| | | जम्मा | | ८,७३,००,०००/- | |
| | | | (ख) झोलुङ्गे पुल | | |
| | | ३ र ४ | १. ग्यालथुम तोरिधारा पुल (११० मि) | ५८,३०,०००/- | |
| | | २ र ७ | २. चनौटे पुल (५३ मि) | २८,०९,०००/- | |
| | | १ र ६ | ३. चालिसे चिउरीखर्क पुल (१२० मि) | ६३,६०,०००/- | |
| | | २ र ६ | ४. थापाटार पुल (९० मि) | ४७,७०,०००/- | |
| | | ३ र ४ | ५. सेरा कुडुले पुल (१०१ मि) | ५२,९१,८०१/- | |
| | | १ | ६. च्याम्भेदो पुल (५२ मि) | २७,५६,०००/- | |
| | | जम्मा | | २,७८,१६,८०१/- | |
| | | १ | (ग) गाउँपालिकाको आम्बाथाङ्ग स्थित राष्ट्रिय गौरवको आयोजनामा क्षति भएको (समाचारमा आएअनुसार) | १,००,००,००,०००/- | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| २ | पाँचपोखरी थाङ्पाल गाउँपालिका (सिन्धुपाल्चोक) | | ४ वटा झोलुङ्गेपुल पूर्ण रुपमा क्षति भएको | | |
| | | | स्वास्थ्य ईकाई भवनपूर्ण रुपमा क्षति भएको ( १ वटा) | | |
| | | | मोटरेवल पक्की पुल आंशिक रुपमा (१ वटा) | | |
| ३ | नार्सों गाउँपालिका (मनाङ) | | गाउँपालिकाको प्रशासकीय भवन (कार्यालयभित्रको सम्पूर्ण दस्तावेज तथा सामाग्री सहित) | अनुमानित ५ करोड | |
| | | १ | १ नं. वडा कार्यालय भवन पूर्ण रुपमा डुवानमा परी दस्तावेज तथा जिन्सी सामाग्री नस्ट भएका | अनुमानित १० लाख | |
| | | ५ | ५ नं. वडा कार्यालय भवन नदिको कटानमा परेको कारण स्थानान्तरण गर्नु पर्ने | | |
| | | | थोंचे स्वास्थ्य चौकी भवन (अस्थाई कोभिड अस्पताल समेत रहेको) | अनुमानित ३ करोड ५० लाख | |
| | | ९ | ९ नं. वडा कार्यालय भवनको दस्तावेज तथा जिन्सी सामाग्री तथा जग्गा पूर्णरुपमा क्षति भएको | अनुमानित १ करोड | |
| | | वडा नं ८ र ९ जोड्ने | ताचै जाने मर्स्याङ्दी नदी झोलुङ्गे पुल | अनुमानित १ करोड ५० लाख | |
| | | वडा नं ३ र ५ जोड्ने | थोचे जाने मर्स्याङ्दी नदी झोलुङ्गे पुल | अनुमानित १ करोड १० लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वडा नं २ र ३ जोड्ने | ताचैं जाने मर्स्याङ्दी नदी झोलुङ्गे पुल | अनुमानित १ करोड | |
| | | ७ | सिरान ताल मर्स्याङ्दी नदी झोलुङ्गे पुल | अनुमानित १ करोड २० लाख | |
| | | वडा नं ६ र७ जोड्ने | तिल्चे दुधखोला झोलुङ्गे पुल | अनुमानित १० लाख | |
| | | वडा नं ५ र ६ जोड्ने | थोचे दुधखोला झोलुङ्गे पुल | अनुमानित १० लाख | |
| | | २ | खोत्रो मर्स्याङ्दी नदी झोलुङ्गे पुल | अनुमानित २० लाख | |
| | | | थोचे देखि ताचैं जाने मोटरबाटो | अनुमानित १ करोड | |
| | | | थोचे देखि ग्वा जाने मोटरबाटो | अनुमानित २ करोड | |
| | | | बगरछाप देख ओडार जाने मोटरबाटो | अनुमानित ५० लाख | |
| | | | तालडाँडा देखि घोराङ् जाने मोटरबाटो | अनुमानित १५ लाख | |
| ३ | मेलम्ची नगरपालिका | ११ | मेलम्ची बगैंचा देखि वडा नं. १० जोड्ने झोलुङ्गे पुल | अनुमानित २ करोड | |
| | | ११ | मेलम्ची पुरानो पुल बजार देखि वडा नं. १० जोड्ने झोलुङ्गे पुल | अनुमानित १ करोड ५० लाख | |

पुनश्चः माथि उल्लेखित मोटरबाटो तथा झोलुङ्गे पुल निर्माणसम्बन्धी कार्य प्रदेश सरकार र स्थानीय निकायहरुको आपसी समन्वयमा सुचारु हुने भएकाले तत् तत् सरकारको निर्णायानुसार हुने।

## मनसुनजन्य विपद्को घटनाबाट क्षति भएका संरचनाहरुको पुर्ननिर्माण सम्बन्धि कार्ययोजना

| क्र.स | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनसुनका कारण प्रभावित भएका बालबालिका लक्षित कार्य<br>• जोखिमको नंक्साङ्कन<br>• बालबालिकाको पहिचानका लागि टोली परिचालन<br>• बालबालिका लक्षित राहत सहयोग | ३ देखि ७ दिन<br>२४ घण्टा<br>३ दिन भित्र | स्थानीय तह/ सामाजिक बिकास मन्त्रालय | माहिला,बालबालिका तथा समाज कल्याण मन्त्रालय/ Save the children/ UNICEF | |
| २ | विपद्को समयमा बालबालिका, महिला तथा किशोरीहरुलाई आवश्यक सामाग्रीहरुको वितरण | २४ घण्टा | स्थानीय तह/ सामाजिक बिकास मन्त्रालय | माहिला,बालबालिका तथा समाज कल्याण मन्त्रालय/ Save the children/ UNICEF | |
| ३ | मनोविमर्श तथा संरक्षण कार्य | निरन्तर | स्थानीय तह/ सामाजिक बिकास मन्त्रालय | माहिला,बालबालिका तथा समाज कल्याण मन्त्रालय/ Save the children/ UNICEF | |
| ४ | विपद्को जोखिमबाट संरक्षण गर्ने सुचना तथा सञ्चार सामाग्रीको प्रसारण तथा संम्पेषण | दैनिक (विपद् अवधिभर) | स्थानीय तह/ सामाजिक बिकास मन्त्रालय | माहिला,बालबालिका तथा समाज कल्याण मन्त्रालय/ Save the children/ UNICEF | |

खानेपानी मन्त्रालय

# मनसुनजन्य विपद्‌को घटनाबाट क्षति भएका संरचनाहरुको पुर्ननिर्माण सम्बन्धि कार्ययोजना

| सि. नं. | आयोजनाको नाम | विवरण | प्रारम्भिक लागत (रु. हजारमा) | संघीय/ प्रदेश/ स्थानीयबाट मर्मत/ पुनर्स्थापन हुने | आ.व. २०७८/७९ मा बजेट व्यवस्था (रु हजारमा) | समय | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ल.ई. तयारी | सामान्य/ आकास्मिक मर्मत | आयोजना पुनर्स्थापन | |
| १ | कोल्टी बृहत खा.पा,बाजुरा | पाईप लाईन र मुहानमा पूर्ण क्षती | २५०० | संघीय | ५००० | २०७८ भदौ | २०७८ असोज | २०७८ फाल्गुण | आयोजना पुनर्स्थापन सम्पन्नका लागि रु. १५ लाख थप बजेट आवश्यक |
| | बिरसैन खा.पा,बाजुरा | पाईप लाईन र मुहानमा क्षेती | १५०० | | | | | | |
| | पहेलसेरा नौलाकोट खा.पा,बाजुरा | पाईप लाईन र मुहानमा क्षेती | १५०० | | | | | | |
| | पिपलडाली खा.पा,.बाजुरा | पाईप लाईनमा क्षेती | १००० | | | | | | |
| २ | लामागाउँ बुलिथुम लसुनेखोला भारती सदन वृहत | इन्टेक र पाइपलाइन | २००० | संघीय | ५००० | २०७८ असोज | २०७९ कार्तिक | | थप बजेट रकम रु. ३ करोड ६० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खा.आ.लम्जुङ | | | | | | | | लाख व्यवस्था भए मात्र आयोजना पुनर्स्थापन हुन सक्ने |
| | झप्रा बहलगाउँ वरबल पाहाथोक सेनाव्यारेक तालिमकेन्द्र वृहत खा.पा.आ.लम्जुङ | पाइपलाइन | १५०० | | | | | | |
| | तार्दीखोला भोटेओडार खा.पा.आ. | पाइपलाइन, वासआउट, इन्टेक | ५००० | | | | | | |
| | वन्सार खा.पा.आ. | इन्टेक, ट्याङ्की लगायत ठाउँठाउँमा पाइपलाइन जिर्ण बनाएको | ३५०० | | | | | | |
| | आहाले खा.पा.आ. | इन्टेक, ट्याङ्की जिर्ण भई सम्पूर्ण पाइपलाइन ब्लक भएको | ४००० | | | | | | |
| | छेपेटार खा.पा.आ. | सम्पवेल र ग्याबियन | ५००० | संघीय | | | | | |
| | गोरखा न.पा.१०, दरौदी विरिमकाली पम्पिङ्ग खा.पा.आ. | सम्पवेल र ग्याबियन | १०००० | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | दरौंदी गोरखा, गोरखा (वृहत पम्पिङ्ग) खा.पा. तथा सरसफाई आ. | सम्पवेल र्यावियन | १०००० | | | | | | |
| ३ | कमिरेपानी खा.पा.आ.रोल्पा | टंकी तथा पाइपलाइनमा क्षति पुगेको | १००० | संघीय | ५००० | २०७८ भदौ | २०७८ | २०७८ फाल्गुण | |
| | बारहाले दर्पन खा.पा.आ. | इन्टेक, टंकी तथा पाइपलाइनमा क्षति पुगेको | १५०० | | | | | | |
| | पाहादाङ खा.पा.आ. | इन्टेक तथा पाइपलाइनमा क्षति पुगेको | ३०० | | | | | | |
| | कमेरेपानी खा.पा.आ. | इन्टेकमा क्षति पुगेको | २०० | | | | | | |
| | धुम विसौना खा.पा.आ. | इन्टेक तथा पाइपलाइनमा क्षति पुगेको | ५०० | | | | | | |
| | दहबाङ खा.पा.आ. | टंकी तथा पाइपलाइनमा क्षति पुगेको | १००० | | | | | | |
| | जिमुरे बाङ्गेसाल खा.पा.आ. | इन्टेकमा क्षति पुगेको | २०० | | | | | | |
| ४ | शिर्ष ४, ५ र ६ खा.पा.आ. | इन्टेक, पाइपलाइन तथा धाराहरु | १००० | संघीय | ५००० | २०७८ भदौ | २०७८ असोज | २०७८ फाल्गुण | आयोजना पुनस्थापना |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | लिउडे पलगाडि खा.पा.आ. स्किम १ डडेल्धुरा | इन्टेक तथा पाइपलाइन | १००० | | | | | | समस्याका लागि रु. ३५ लाख थप बजेट आवश्यक |
| | कालापातल कालढुङ्गि आमथला खा.पा.आ. | दुई इन्टेक तथा पाइपलाइन | २५०० | | | | | | |
| | रजौडा खा.पा.आ. | इन्टेक तथा पाइपलाइन | १००० | | | | | | |
| | काट ४,५ जलगाड उपरकोट खा.पा.आ. | इन्टेक, HDPE तथा GI पाइपलाइन | ३००० | | | | | | |
| | रातिसैनी गाँजरी खा.पा.आ.दार्चुला | इन्टेक तथा पाइप लाइनहरु | १००० | | | | | | |
| ५ | बृहत भरतपोखरी, निर्मलपोखरी कृस्ति खा.पा. योजना, पोखरा म.न.पा २१ र २३ कास्की | ४५० मि. एच.डी.पी.इ. पाइप (10kgf/cm2), Flange set (GI to HDPE), Flange set (GI to GI), GI pipe 100mm | ७८५ | संघीय | ३००० | २०७८ असोज | २०७९ कार्तिक | | थप बजेट रकम रु. ४ करोड १० लाख व्यवस्था भए मात्र आयोजना पुनर्स्थापन हुन सक्ने |
| | पुरन्चौर सार्दीखोला खा.पा.आ. | RVT 200 cum, pipeline transmission | १८६५ | | | | | | |
| | लौरुख खा.पा.आ. | intake, compound wall, transmission pipeline | ९६५ | | | | | | |
| | माछापुछ्रे बृहत | intake pipeline gabbion | १५४० | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खा.पा.आ | box compound wa | | | | | | | |
| | सल्यान लिफ्ट खा.पा.आ. | compound wall pipeline RVT | १२६३ | | | | | | |
| | कपासेटार खा.पा.आ.तनहु | gabbion box, sumpwell | १५७२ | संघीय | | | | | |
| | दुलेगौडा खा.पा.आ | gabbion box, sumpwell | १३५६ | | | | | | |
| | बन्दीपुर धरमपानी खा.पा.आ. | intake, compound wall, transmission pipeline gabbion box | १७४५ | | | | | | |
| | भिमाद खा.पा.आ.सु.वि. | Dry wall, Pipeline, Gabion box | ८७५ | | | | | | |
| | आबुखैरिनी तेस्रो साना सहरी खा.पा.आ. | Generator house, Gabion box(200), sumpwell debris collection pump house | १४७५ | | | | | | |
| | चिसापानी माझीगाउ | compound wall, office building column, office building wall,150cum 20% damage, intake | १६५० | संघीय | | | | | |
| | कालिगण्डकी भेडावारी लिफ्टिंग | RVT 400 cum 15% damage | ४३५ | | | | | | |
| | अर्जुन चौपारी गा.पा.खानेपानी सेवा | Retaining wall, guard house 20%damage, gabion | १३१५ | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विस्तार आयोजना | box(100), RVT | | | | | | | |
| | शालिग्राम लिफ्ट ख.पा.आ. | intake, compound wall, transmission pipeline | ९६१ | संघीय | | | | | |
| | चितिपानी खानिगाउ खा.पा.आ. | intake, compound wall, transmission pipeline | ११५० | | | | | | |
| | पर्वत बेनी सहलागानी खा.पा.आ. | pipeline, sump well, boundary wall | १८३२ | | | | | | |
| | रानीपानी लिफ्टिंग खा.पा.आ. | intake, compound wall, transmission pipeline | १३६५ | | | | | | |

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

## मनसुनजन्य विपद्को घटनाबाट क्षति भएका संरचनाहरुको पुर्ननिर्माण सम्बन्धि कार्ययोजना

### (क) जलस्रोत तथा सिचाई विभाग

| क्र.सं. | कार्यालय | नदीको नाम | जोखिमजन्य स्थान | के गर्ने (क्रियाकलाप) | मुख्य जिमेवारी | सहयोगी निकाय | समय सिमा | बजेट रु. लाखमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनताको तटबन्ध कार्यक्रम, झापा | मेची नदी | मेचीनगर न.पा.-१५, भद्रपुर न.पा.-३, कचनकवल गा.पा.-५ | बाँसको पाइलिंग, धोक्रे जाली आदि | सम्बन्धीत कार्यालय | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर/जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय | २०७८ असार देखि भदौ सम्म | २० | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर | ३०० |
| २ | | बिरिंग नदी | बार्हदशी गा.पा.-१,२,४,५ र ७, झापा गा.पा.-५ र ६ | बाँसको पाइलिंग, धोक्रे जाली आदि | सम्बन्धीत कार्यालय | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर/जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय | २०७८ असार देखि भदौ सम्म | ५० | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | कन्काई नदी | शिवसताक्षी न.पा.- ४,५,६ र ७, झापा गा.पा.- १, २, ३ र ७ | बाँसको पाइलिंग, धोक्रे जाली आदि | सम्बन्धीत कार्यालय | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर/जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय | २०७८ असार देखि भदौ सम्म | १५० | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर | |
| ४ | | कमल नदी | कमल गा.पा.- १,२ र ३, गौरिगंज गा.पा.- १, शिब सताक्षी न.पा.- ३ र ४ | बाँसको पाइलिंग, धोक्रे जाली आदि | सम्बन्धीत कार्यालय | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर/जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय | २०७८ असार देखि भदौ सम्म | ६० | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर | |
| ५ | | रतुवा-मावा झापा | कमल गा.पा.-५ र ६, दमक न.पा-१०, गौरादह न.पा.- ५ र ६, गौरिगंज गा.पा.-५ | बाँसको पाइलिंग, धोक्रे जाली आदि | सम्बन्धीत कार्यालय | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर/जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय | २०७८ असार देखि भदौ सम्म | ९० | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | | रतुवा-मावा नदी , मोरंग | उर्लाबारी न. पा. ७ र ९ रतुवामाई न.पा. ३ र १० | बाँसको पाइलिंग, धोक्रे जाली आदि | सम्बन्धीत कार्यालय | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर/जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय | २०७८ असार देखि भदौ सम्म | ७० | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर | |
| | | | | | | | जम्मा | ४४० | | |

२.आयोजनाको नामः जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं. २, महोतरी

| क.सं. | कार्यालय | नदीको नाम | जोखिमजन्य स्थान | के गर्ने (क्रियाकलाप) | मुख्य जिमेवारी | सहयोगी निकाय | समय सिमा | बजेट रु. लाखमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं. २, महोतरी । | रातो नदी | जलेश्वर ३ | ग्याविन संरक्षण | सम्बन्धीत कार्यालय | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर/जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय | २०७८ असार देखि भदौ सम्म | १५०० | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर | ३०० |

३.आयोजनाको नाम: जनताको तटबन्ध कार्यक्रम फिल्ड .ार्यालय नं. ३, सर्लाही

| क.सं. | कार्यालय | नदीको नाम | जोखिमजन्य स्थान | के गर्ने (क्रियाकलाप) | मुख्य जिमेवारी | सहयोगी निकाय | समय सिमा | बजेट रु. लाखमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं. ३, सर्लाही । | लखनदेही नदी | मंलगवा काइसर ५ | Earthen Embankment Spur Construction | सम्बन्धीत कार्यालय | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर/जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय | २०७८ असार देखि भदौ सम्म | २०० | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर | २०० |

४. आयोजनाको नाम: जनताको तटबन्ध कार्यक्रम रुपदेन्ही

| क.सं. | कार्यालय | नदीको नाम | जोखिमजन्य स्थान | (क्रियाकलाप) | मुख्य जिमेवारी | सहयोगी निकाय | समय सिमा | बजेट रु. लाखमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | जनताको तटबन्ध कार्यक्रम फिल्ड कार्यालय नं ५, बुटवल, रुपन्देही | तिनाउ दानव नदी | सम्मरीमाई गा.पा. रोहिणीहवा, रुपन्देही | तारजाली ढुँगा, जिओब्याग (बोरा), नाइलन डोरी, बाँस आदिको | सम्बन्धीत कार्यालय | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर/जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय | २०७८ असार देखि भदौ सम्म | ६० | जलस्रोत तथा सिंचाइ विभाग, ललितपुर | १०० |

## (ख) जल तथा मौसम विभाग

## कार्ययोजना

| क.स | क्रियाकलाप | समय सीमा | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मौसम पूर्वानुमानको पूर्वसूचना उपलब्ध गराउने | दैनिक | जल तथा मौसम विज्ञान | | | आकस्मिक मौसम बुलेटिन र मौसम पूर्वसूचना जुनसुकैबेला जारी गरिने। |
| २ | बाढीको पूर्वानुमान<br>साना नदीहरुको<br>ठूला नदीहरुको | <br>१ दिन सम्म<br>३ दिन सम्म | जल तथा मौसम विज्ञान विभाग | | | |
| ३ | सर्वसाधारणलाई बाढीको पूर्व जानकारीका लागी ११५५ नंम्वरको टोलफ्रि सेवा | मनसुन अवधी भर | जल तथा मौसम विज्ञान विभाग | | | |

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

## मनसुनजन्य विपद्को घटनाबाट क्षति भएका संरचनाहरुको पुर्ननिर्माण सम्बन्धि कार्ययोजना

| क्र.स | क्रियाकलाप | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | अत्यावश्यक वस्तुको रुपमा रहेका (पेट्रोलियम पदार्थहरु, एल.पी ग्यास, नुन तथा खाद्य सामग्रीको अतिरिक्त व्यवस्थापन। | निरन्तर | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय/नेपाल आयल निगम, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ व्यवस्थापन लिमिटेड। | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, उद्योग विभाग र औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड | |
| २ | दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति हुने गरी आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय वस्तु तथा सेवाको व्यवस्था गर्ने। | निरन्तर | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा मातहतका कार्यलयहरु | जिल्ला प्रशासन कार्यालयहरु | |
| ३ | औषधी, औषधीजन्य सामग्री तथा खाद्य वस्तुहरुको नियमित आपूर्तिको व्यवस्था मिलाउने। | निरन्तर | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड तथा व्यापार कम्पनी लिमिटेड | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |
| ४ | मनसुन अवधि भर केन्द्रिय खाद्य डिप्पो साथै विभिन्न जिल्लामा रहेका अन्य डिप्पोहरुमा अत्यावश्यक वस्तुहरुको अतिरिक्त व्यवस्थापन गर्ने। | मनसुन अवधि भर | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड तथा व्यापार कम्पनी लिमिटेड | जिल्ला प्रशासन कार्यालयहरु | |

## मनसुनजन्य विपद्को घटनाबाट क्षति भएका संरचनाहरुको पुर्ननिर्माण सम्बन्धि कार्ययोजना

| क्र.स | क्षति भएको जिल्ला | क्रियाकलाप | समयासीमा | जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मनाङ, चामे | जिल्ला सदरमुकामस्थित ८ कोठे भवन र उक्त भवनमा रहेको सरकारी जिन्सी सामान, कागजपत्र, विद्युतीय उपकरण एंव फर्निचर लगायतका सम्पूर्ण सामानहर बगाई पूर्ण क्षति भएको । | आ.व २०७८/७९ भित्र | हुलाक सेवा विभाग | जिल्ला हुलाक कार्यालय, मनाङ्ग | |
| २ | | अवरुद्ध टेलिफोन सेवा सुचारु गर्ने<br>सामान्य प्रकृतिको सेवा<br>माध्यम र जटिल प्रकृतिको सेवा | २४ घण्टा<br>७ देखि १५ दिन | दुरसञ्चार सेवा प्रदायक संस्थाहरु | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/दुरसञ्चार प्राधिकरण | वैकल्पिक व्यवस्था गर्नुपर्ने भएमा । |